नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः ०७५/७६
चलानी नं.

(कर्मचारी प्रशासन शाखा)

मिति : २०७५/१२/०३

विषय : स्थानीय तहमा आर्थिक प्रशासन सम्बन्धी कामकाजको व्यवस्था मिलाउने सम्बन्धमा ।

**श्री कोष तथा लेखा नियन्त्रक कार्यालय**
**सबै ।**

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भै संघ, प्रदेश र स्थानीय तहमा नेपाल प्रशासन सेवा, लेखा समूहका कर्मचारीहरु खटिएइसकेको व्यहोरा अवगतै छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१११६ मिति २०७५।११।२७ को पत्रबाट लेखि आए अनुसार स्थानीय तहमा आर्थिक प्रशासन सम्बन्धी कामकाजको व्यवस्था नियमित रुपमा संचालन हुनका लागि हाल देहाय अनुसार गर्नु गराउनु पर्ने भएकोले सोही बमोजिम आवश्यक समन्वय र सहजीकरण गर्नु गराउनु हुन मिति२०७५।१२।०३ को निर्णयानुसार अनुरोध छ ।

१ संघबाट समायोजन भएका नेपाल प्रशासन सेवा, लेखा समूहको कर्मचारीहरु समायोजन भएको प्रदेश वा स्थानीय तहमा तोकिएको अवधि भित्रै हाजिर हुनपर्ने भएकोले सो व्यहोरा आफ्नो जिल्ला भित्र रहेका लेखा समूहका कर्मचारीहरुलाई जानकारी गराई आवश्यक सहजीकरण गर्ने ।

२. स्थानीय तहमा समायोजन भै गएका नेपाल प्रशासन सेवा समूहको कर्मचारीहरुबाटै स्थानीय लेखा , तहको आर्थिक प्रशासन सम्बन्धी कामकाज हुने हुँदा सोही बमोजिमको व्यवस्था मिलाउने ।

३. संघमा समायोजन भएका हाल स्थानीय तहमा कार्यरत रहेका लेखा समूहका कर्मचारीहरुलाई सो स्थानीय तहको आर्थिक कारोवार संचालन सम्बन्धी अर्को व्यवस्था नभएसम्म सोही तहमा कामकाजलाई निरन्तरता दिने ।

४. कुनै स्थानीय तहमा संघबाट लेखा समूहका कर्मचारीहरु समायोजन नभएको अवस्थामा अन्य सेवाका (समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका संगठित संस्थाका लेखा समूहका स्थानीय कर्मचारी) स्थानीय तहमा समायोजन भएका कर्मचारीबाट आर्थिक प्रशासनको कामकाज गर्ने व्यवस्था मिलाउने

५. माथि उल्लेख भए अनुसार पनि स्थानीय तहमा लेखा समूहको कर्मचारीको व्यवस्था हुन नसकेको अवस्थामा साविक स्थानीय निकायमा कार्यरत रहि हाल स्थानीय तहमा समायोजन भै गएका लेखा समूहका कर्मचारीबाट वा कोष तथा लेखा नियन्त्रक कार्यालयले उपयुक्त कर्मचारी खटाई आर्थिक प्रशासनको काममा कुनै वाधा व्यवधान नहुने आवश्यक व्यवस्था मिलाउने ।

६. स्थानीय तहको खाता संचालन स्थानीय सरकार संचालन ऐन,२०७५ को दफा ७३ को उपदफा ४ र ५ बमोजिम गर्ने गराउने व्यवस्था मिलाउने ।

७. स्थानीय तहले गर्नु पर्ने आर्थिक प्रतिवेदनको वारेमा आवश्यक जानकारी गराई समयमा नै आर्थिक प्रतिवेदन लिने र एकिकृत आर्थिक विवरण तयार गर्ने गराउने ।

सुवास चन्द्र शिवाकोटी
उप-महालेखा नियन्त्रक

**बोधार्थ**
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"
अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np